# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) जनकपुरधाम, असोज २५ गते, २०७५ साल (अतिरिक्ताङ्क १३

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सम्वत् २०७५ सालको ऐन नम्वर ११

प्रस्तावना : मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको अन्य शर्त सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १६० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शव्दले कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "न्यायाधिवक्ता" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहत रहेका सह न्यायाधिवक्ता, उप न्यायाधिवक्ता र जिल्ला न्यायाधिवक्ता समेतलाई सम्झनु पर्छ र सो शब्दले न्यायाधिवक्ता भई काम गर्न तोकेको कर्मचारीलाई समेत जनाउनेछ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. २ लाई सम्झनु पर्छ ।

(ङ) "महान्यायाधिवक्ता" भन्नाले संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त नेपालको महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(च) "मुख्य न्यायाधिवक्ता" भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(छ) "सरकार" भन्नाले प्रदेश नं. दुईको सरकारलाई सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।





३. **मुख्य न्यायाधिवक्ताको कार्यालय तथा कर्मचारी** : (१) प्रदेशको राजधानी रहेको स्थानमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुनेछ ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गत प्रदेश भित्र रहेका उच्च सरकारी वकिलको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालय रहनेछन् ।

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको कर्मचारी व्यवस्थापन नभए सम्मका लागि स्वीकृत संगठन र व्यवस्थापन (O&M) बमोजिमको कर्मचारीहरु मुख्य न्यायाधिवक्ताको कार्यालयले करार सेवामा भर्ना गरी काममा लगाउने छ ।

(५) मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही मुख्य न्यायाधिवक्ताको कार्यालयको बरिष्ठतम् न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्नेछ ।

४. **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार** : (१) संविधानको धारा १६० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(ख) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,

(ग) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशको सरकारका मन्त्रालय

वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने,

(घ) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा प्रदेश सरकारका अन्य कार्यालयबाट अदालतमा प्रस्तुत हुने प्रतिउत्तरपत्र, लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक समन्वय गर्ने र सो बिषयमा आवश्यक राय सल्लाह दिने,

(च) प्रदेश सरकारको मातहतमा रहेका कारागार, हिरासत तथा थुनुवा कक्षमा रहेका कैदी वा थुनुवाहरु उपर मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनवाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

(छ) संविधानमा र अन्य प्रचलित कानूनमा अन्यथा लेखिएदेखि बाहेक प्रदेश कानूनद्वारा स्थापित कुनै न्यायिक निकाय वा अर्धन्यायिकको निकायका स्थापना, कार्यविधि र अन्य व्यवस्था गर्दा राय सुझाव प्रदान गर्ने,

(ज) प्रदेश संसद वा त्यसको कुनै समितिले आमन्त्रण गरेमा सो संसद वा सो को समितिको बैठकमा उपस्थित भई संवैधानिक वा कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने,

(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई





अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा आफ्नो कार्यालयको कुनै अधिकृतलाई खटाउन सक्नेछ ।

(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(५) मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हक हित र सरोकार निहीत रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

(७) मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(८) कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्न आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

(९) महान्यायाधिवक्ताको परामर्श र समन्वयमा उच्च सरकारी वकिलको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(१०) उपदफा (९) बमोजिमको निर्देशनको पालना गर्नु महान्यायाधिवक्ताले अन्यथा आदेश दिएमा बाहेक सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

५. **सहयोग गर्नु पर्ने :** (१) प्रदेश सरकार वादी भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा प्रदेश सरकारले त्यस्तो मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका अन्य विविध काममा न्यायाधिवक्ताले सहायता माग गरेमा प्रदेशका सम्बन्धित मन्त्रालय, विभाग वा निकायले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाउने लगायत अन्य सहयोग गर्नु पर्छ ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाईल वा कागजात मुख्य न्यायाधिवक्ता वा मातहतको कार्यालयबाट माग भएमा प्रदेशका सम्बन्धित मन्त्रालय, सचिवालयका वा निकायका कार्यालय प्रमुखले यथाशीघ्र त्यस्तो कागजात पठाउनु पर्नेछ ।

६. **लिखित जवाफ पेश गर्नुपर्ने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकायहरुमा निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन आदि पेश गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय वा मातहतका कार्यालय मार्फत पेश गर्नु पर्नेछ ।

७. **कानूनी राय माग्दा पुऱ्याउनु पर्ने रीत :** (१) प्रदेश सरकार वा सरकार मातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्ता वा न्यायाधिवक्तासँग राय माग गर्दा देहायको रीत पूरा गरेको हुनु पर्नेछ :-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्छ ।





(ख) जुन विषयमा राय माग गरिएको हो सो सँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्छ ।

(ग) राय मागिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्छ ।

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनुपर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय मागी सकेपछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसकेपछि मात्र राय मागिएको हुनु पर्छ ।

(ङ) जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम राय माग गरिएको विषय र राय दिएको विषय गोप्य हुनेछ ।

८. **मुद्दाको बहसमा तजबिज :** (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही न्यायाधिवक्ताले व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार मुद्दामा बहस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई न्यायाधिवक्ता उपर कुनै कारबाही गरिने वा गाली बेईज्जती मुद्दा चलाइने छैन ।

९. **नियुक्ति, सरुवा, बढुवा र विभागीय कारबाही गर्ने अधिकार:-**

(१) प्रदेश कानूनको अधीनमा रही मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयका न्यायाधिवक्ता र अन्य कर्मचारीहरुको नियुक्ति, बढुवा तथा विभागीय कारबाही तथा सरुवा गर्ने अधिकार मुख्य न्यायाधिवक्ताको हुनेछ ।

(२) महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका सरकारी वकील र कर्मचारीहरुलाई विभागीय कारवाही गर्नु पर्ने अवस्था देखिएमा सोही व्यहोरा उल्लेख गरी आवश्यक कागजात सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

१०. **विदा दिने अधिकारी** :- (१) पर्व र भैपरी आउने विदा मुख्य न्यायाधिवक्ता आफैले लिन सक्ने छ । सो बाहेक मुख्य न्यायाधिवक्ताको अन्य विदाहरु मुख्यमन्त्रीले स्वीकृत गर्नेछ । विदा लिएको अवधीमा निज कानून सम्वन्धी अध्ययन तथा अनुसन्धान लगायतका कार्य गर्न सक्नेछ । न्यायाधिवक्ता तथा मातहतका अन्य कर्मचारीहरुको विदा मुख्य न्यायाधिवक्ताले स्वीकृत गर्नेछ ।

११. **कारबाहीको लागि लेखी पठाउने** : (१) प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा कुनै अधिकारीले लापरबाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्तबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो अधिकारीलाई विभागीय कारबाही गर्नु पर्नेछ ।

१२. **मार्गदर्शनको पालना गर्नु पर्ने** : (१) महान्यायाधिवक्ताले प्रदेशको मुख्य न्यायाधिवक्तालाई संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाब वा मार्गदर्शन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताले दिएको सुझाव वा मार्गदर्शनको पालन गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

तर, सार्वजनिक वा प्रदेशको सरोकारको विषयमा महान्यायाधिवक्ताले दिएको सुझाब वा मार्गदर्शन पालन गर्न मुख्य न्यायाधिवक्ता वाध्य हुनेछैन।

१३. **काम, कारबाहीको प्रतिवेदन** : (१) मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको काम कारबाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुनेछ ।





(३) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आवश्यक सिफारिस र सुझावहरु समेत उल्लेख गरेको हुनु पर्छ ।

(५) उपदफा (१) बमोजिम पेश भएको वार्षिक प्रतिवेदन माथि सम्बन्धि समितिमा छलफल हुनेछ ।

(६) समितिले मुख्य न्यायाधिवक्ता र न्यायाधिवक्ताले गरेको बहस तथा कानूनी राय बाहेकको क्षेत्रमा सरकारलाई आवश्यक सुझाव वा निर्देशन दिन् सक्नेछ ।

१४. **पारिश्रमिक र अन्य सुविधा** : (१) मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा "उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७४" अनुसार अनुसूची-१ बमोजिम हुनेछ ।

(२) उपदफा (१) संग सम्बन्धित अनुसूची-१ मा उल्लेख नभएको सेवा सुविधा "उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७४" अनुसार मुख्य न्यायाधिवक्ताले पाउने छ ।

(३) मुख्य न्यायाधिवक्ताले यस दफा बमोजिमको सुविधा नियुक्ति भएको मिति देखि पाउनेछ ।

१५. **योग्यता** : मुख्य न्यायाधिवक्ता हुन नेपालको संबिधानको धारा १४० को उपधारा (२) बमोजिमको योग्यता पुगेको नेपाली नागरिक हुनु पर्दछ ।

१६. **शपथ ग्रहण** : मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१७. **आचार संहिता बनाउने अधिकार** : प्रदेश मन्त्रिपरिषद्ले मुख्य न्यायाधिवक्ता र न्यायाधिवक्ताले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्न सक्नेछ ।

१८. **नियम बनाउन सक्ने:** (१) यो ऐनको कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्तासँग आवश्यकताअनुसार परामर्श गरी प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) प्रदेश सरकारको तर्फबाट गरिने बहस, पैरवी र प्रतिरक्षा एवम् कानूनी राय समेतका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा मुख्य न्यायाधिवक्ताले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

१९. **खारेजी बचाऊ** : (१) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडी मुख्य न्यायाधिवक्ताको नाममा भए गरेको काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।





## अनुसूची-१

(दफा १४ सँग सम्बन्धित )

मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा

| क्र. सं. | सुविधाको प्रकार | ईकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५४५९० | |
| | विशेष भत्ता | प्रति महिना रु. | २००० | |
| २ | आवास सुविधा | प्रति महिना रु. | १७९५० | सरकारी घर प्राप्त नभएमा |
| ३ | आफ्नो घरमा बस्ने मुख्य न्यायाधिवक्तालई घर सफाई तथा मर्मत सुविधा | प्रति महिना रु. | ८९७५ | |
| ४ | विजुली, धारा, टेलिफोन | प्रति महिना रु. | १५०० (भाडा वा निजी आवासमा बसेमा) | सरकारी आवास मा बसेमा बिल अनुसार |
| ५ | सवारी इन्धन | प्रति महिना रु. | १५० | |
| ६ | मोविल | त्रैमासिक लि. | १० | |
| ७ | लुगा भत्ता | वार्षिक रु. | १०००० | |
| ८ | चाड खर्च | वार्षिक रु. | एक महिनाको पारिश्रमिक बाराबरको रकम | |
| ९ | यातायात सुविधा | सवारी साधन एक | | |
| १० | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २५०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | यात्रा बिमा | दश लाख | | |
| १२ | विदेश भ्रमण भत्ता | प्रति दिन | १७५ अमेरिकी डलर | |
| | | अन्य सुविधा | | |
| १ | स्वकीय सचिव | एक | रा.प.तृतीय श्रेणी सरह | |
| २ | ड्राइभर | एक | प्रथम तह स्तर | |
| ३ | का.स./कुक | एक | प्रथम तह स्तर | |

नोट :

(१) यस अनुसूची बमोजिमको सुविधा मुख्य न्यायाधिवक्ताले नियुक्ति भएको मिति देखि निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

(२) मुख्य न्यायाधिवक्ताले प्रयोग गरिरहेको सवारी साधन निज अवकाश हुँदा आफैँले खरिद गरी लैजान चाहेमा सो सवारी साधनको किताबी मूल्य लिई निजलाई हस्तान्तरण गरिनेछ।

(३) सवारी साधनको किताबी मूल्य कायम गर्दा त्यस्तो सवारी साधनको खरिद मूल्यको दश प्रतिशत भन्दा कम नहुने गरी गर्नु पर्नेछ।

(४) आफूले प्रयोग गरिरहेको सवारी साधन लिन चाहने मुख्य न्यायाधिवक्ताले कम्तीमा पन्ध्र दिन अगावै त्यसको लिखित जानकारी कार्यालयलाई गराउनु पर्नेछ।





## अनुसूची-२
(दफा १६ सँग सम्बन्धित)

### शपथ

म ................. ....... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश नं. दुईको मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

दस्तखत

मिति :

*प्रमाणीकरण मिति : २०७५।०६।२५*

**आज्ञाले,**

**जगदीश रेग्मी**

**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३